बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

हेटौंडा, नेपाल

## STEAM सिकाइ सामग्री निर्माणका लागि निवेदन पेश गर्ने म्याद थप सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशन मितिः २०८३।०१।१४ गते**

यस निर्देशनालयको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम वमोजिम विद्यालय तह (कक्षा ९-१२)मा अध्ययनरत विद्यार्थीबीच प्रतिस्पर्धा गराई STEAM Materials निर्माणसम्बन्धी सृजनात्मक कार्य गराउने उद्देश्यले यो सूचना प्रकाशन गरिएको छ। यस वर्षको प्रतिस्पर्धाको विषय **"विद्यालय तहको कक्षा ४-८ मा प्रयोग हुने स्टिम सिकाई सामग्री "** (STEAM learning materials) निर्माण जस अन्तर्गत निमार्ण गरिएको STEAM सिकाइ सामग्रीले विज्ञान प्रविधि, ईन्जिनियरिङ, कला, गणित मध्ये कुनै एक विषयलाई केन्द्रमा राखी बाँकी विषयहरूका ज्ञान सीपलाई पनि एकिकृत रूपमा सहजीकरण गर्न सक्ने गरी निर्माण गरिएको र सो सामग्री प्रयोग गरी कक्षा ४-८ मा स्टिम शिक्षा कार्यान्वयन गर्न सहयोग गर्ने खालको हुनुपर्नेछ। यस कार्यक्रम अन्तर्गत पहिलो चरणमा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको समूहबाट निवेदन माग गरी प्राप्त हुन आएका आवेदकहरु मध्येबाट मेरिट सूचीमा पर्ने बढीमा दश वटा विद्यालयलाई दोश्रो चरणका लागि छनोट गरिनेछ। विद्यार्थी समूहलाई आफ्नो प्रस्ताव अनुसारको वस्तु निर्माण गर्न १५ दिनको समय दिइने छ।

दोश्रो चरणको लागि छनोट भएको विद्यार्थी वा विद्यार्थीको समूहलाई स्टिम सिकाई सामाग्री (STEAM learning materials) निर्माण विषयमा विद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम प्रति समूह अधिकतम रु. तीस हजार सहयोग रकम प्रदान गरिने छ। प्रतिस्पर्धामा सहभागी हुन इच्छुक विद्यार्थीले यो **सूचना प्रकाशित भएको मितिले ७ (सात)** दिनभित्र उक्त कार्यविधिको अनुसूची-२ को खण्ड (क) र (ख) बमोजिमको ढाँचामा यस निर्देशनालयमा आइपुग्ने गरी वा सबै आवश्यक कागजात प्रमाणित गरेर स्क्यान गरी pdf फाइल बनाई edd.bagamati@gmail.com मार्फत वा प्रत्यक्ष उपस्थिति भई निवेदन दिनुहुन अनुरोध छ। म्याद नाघी दर्ता हुन आएका या रीत नपुगेका निवेदन छनोटका लागि समावेश हुने छैन। उल्लिखित कार्यविधि निर्देशनालयको वेबसाइट www.edd.bagamati.gov.np बाट डाउनलोड गर्न सकिने व्यहोरा सम्बन्धित सबैको लागि अनुरोध छ।

२०८३।०१।१४

का. मु. महानिर्देशक

**गोपाल प्रसाद कँडेल**

**का.मु. महानिर्देशक**